जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com




समृद्ध नेपालको गम्भीर चुनौती

✍ डा. देवीप्रसाद आचार्य

३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



**आवश्यकता**

**पाथीभरा कृषि फर्म दमकका** लागि कामदार (महिला/पुरुष)को आवश्यकता भएकाले इच्छुकले सम्पर्क राखनु होला ।

उमेर : २० देखि ४५ वर्षसम्म
शिक्षा : साधारण लेखपढ गर्न सक्ने
शीप सिकेर विदेश जानेको लागि अनुभवको प्रमाणपत्र समेत दिईनेछ ।

सम्पर्क :
प्रेमबहादुर बेघा
सम्पर्क : ९८६२२२२२०४, दमक-१, झापा



❑ वर्ष-२१ ❑ अंक - १३७ ❑ २०८३ जेठ ०८ गते शुक्रबार ❑ Friday, 22 May 2026 ❑ मूल्य ७ /-


### निर्माण क्षेत्र ठप्प, मुल्य समायोजन नभए काम गर्न नसक्ने धारणा

# पहिले सुन, अनि थुन : व्यवसायी

✍ पूर्वसन्देश समाचार

**दमक/** अचाक्ली मुल्यवृद्धिको मारले निर्माण क्षेत्र ठप्प छ । पेट्रोलियम पदार्थसँगै सवै निर्माण सामग्रीमा भएको मुल्यवृद्धीले कामनै गर्न नसकिने अवस्था आएको व्यवसायीहरूले बताउँदै आएका छन् । निर्माण व्यवसायी महासंघले मुल्य समायोजन लगायतका मागसहित शुरू गरेको आन्दोलनमा निजी क्षेत्रको छाता संस्था लगायतको पनि ऐक्यवद्धता थपिदै गएको छ ।

यसैक्रममा दमक उद्योग वाणिज्य संघले निर्माण सामग्रीको अस्वभाविक मूल्यवृद्धि नियन्त्रण गर्न, सहज आपूर्ति व्यवस्था मिलाउन तथा निर्माण व्यवसायी र उद्योगी व्यवसायीलाई परेको समस्याको समाधान गर्न माग गर्दै सरकारसमक्ष ज्ञापनपत्र बुझाएको छ । संघका अध्यक्ष देवी प्रसाद गुरागाईं (गोपाल) द्वारा हस्ताक्षरित ज्ञापनपत्र इलाका प्रशासन कार्यालय दमकमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय झापामा पठाइएको हो । मुलुकको आर्थिक गतिविधि चलायमान बनाउन निर्माण उद्योगले ठूलो भूमिका निर्वाह गर्दै आएको र हाल इन्धन तथा निर्माण सामग्रीको मूल्यवृद्धिका कारण निर्माण उद्योग र त्यससँग सम्बन्धित क्षेत्रहरु गम्भीर समस्यामा परेकाले समस्या समाधानका लागि ध्यानाकर्षण गर्दै ज्ञापन पत्र बुझाईएको अध्यक्ष गुरागाँईको भनाई छ । उनले भने, 'अहिले व्यवसायीहरूलाई थुन्ने, पक्राउ गर्ने जस्ता कार्य भईरहेकाले निजी क्षेत्रको मनोवल खस्किएको छ । त्यसैले कसैले उजुरी गऱ्यो भने पहिले व्यवसायीको कुरा सुन्ने, आरोप प्रमाणित गर्नुपर्ने अनि मात्र थुन्नु पर्ने भए थुन्ने कार्य गर्नुपर्छ । नत्र एउटा बेनामे उजुरीकै भरमा व्यवसायीलाई थुनेर अर्थतन्त्र चलायमान हुन सक्दैन ।'

संघले डिजेल, मट्टितेल, दैनिक उपभोग्य सामग्री तथा श्रमिक लागतमा निरन्तर वृद्धि हुँदा निर्माणसम्बन्धी उद्योगहरु बन्द हुने अवस्थामा पुगेको जनाएको छ । निर्माण व्यवसायी महासंघ झापाका अध्यक्ष रमेश अधिकारीका अनुसार सरकारले समयमै आवश्यक समायोजन तथा नीतिगत निर्णय गर्न नसक्दा देशभर सञ्चालनमा रहेका आयोजनाका निर्माण कार्य अघि बढ्न नसक्ने अवस्थामा पुगेका छन् ।

हालको विषम परिस्थितिका कारण निर्माण व्यवसायीहरूले पुरानो इस्टिमेट तथा दररेटमा काम गर्न नसक्ने अवस्था सिर्जना भएको, जसले गर्दा निर्माण व्यवसायीहरु आर्थिक तथा मानसिक दबाबमा परेको बताइएको छ । संघले निर्माण कार्य सम्पन्न गर्न नसक्दा बैंक ग्यारेन्टी जफत हुने, कालोसूचीमा पर्ने तथा व्यवसाय नै संकटमा पर्ने जोखिम बढेको निर्माण व्यवसायी समेत रहेका दमक उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष भगवान बस्नेतले बताएका छन् ।

संघले बिना आधार प्रमाण व्यवसायीहरूलाई दु:ख दिने नियतले उजुरी दर्ता गर्ने प्रवृत्ति बढेको भन्दै त्यस्ता आधारहीन उजुरीलाई तथ्य पुष्टि नभएसम्म अघि नबढाउन पनि सरकारसँग आग्रह गरेको संघका प्रथम उपाध्यक्ष रूवल अधिकारीले बताए । त्यस्तै, निर्माण व्यवसायीलाई सहज वातावरण सिर्जना गर्न निर्माण सामग्रीको सहज आपूर्ति, इन्धनको उपलब्धता तथा बजेट व्यवस्थापनलाई प्रभावकारी बनाउन माग गरिएको छ । ज्ञापन पत्र बुझेपछि ईलाका प्रशासन कार्यालय दमकका प्रमुख विश्वराज नेपालले प्राप्त ज्ञापन पत्र सम्वन्धित निकायहरूमा पठाईने प्रतिवद्धता जनाए । संघले ज्ञापन पत्रमार्फत वर्तमान जटिल अवस्थालाई समाधान गर्न नेपाल सरकारले तत्काल ठोस निर्णय लिनुपर्नेमा जोड दिएको छ ।

# दमक-७ मा सार्वजनिक सुनुवाइ



दमक/दमक नगरपालिका वडा नं ७ ले आर्थिक वर्ष २०८२/०८३ को सार्वजनिक सुनुवाई कार्यक्रम बिहिबार सम्पन्न गरेको छ । वडा कार्यालयद्वारा आयोजित सो कार्यक्रमको अध्यक्षता वडाअध्यक्ष भीम प्रसाद पौडेलले गरेका थिए भने प्रमुख अतिथिका रूपमा दमक नगरपालिका प्रमुख रामकुमार थापा थिए ।

यस्तै प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी लगायत विभिन्न संघसंस्थाका प्रमुखहरू, सामाजिक अगुवा, राजनीतिक दलका प्रतिनिधिलगायतको आतिथ्यता रहेको सो कार्यक्रममा वर्षभरि वडाले गरेका कामहरूको विवरण प्रस्तुत गरिएको थियो । वडा नं ७ को आयोजना तथा नेक्सट मिडिया प्रा.लि. दमकको संयोजन तथा सहजीकरणमा सो कार्यक्रम सम्पन्न भएको थियो ।

सो कार्यक्रमलाई स्वागत सम्बोधन गर्दै वडासदस्य अतित बान्तवा राईले वर्षभरि गरेका कामहरू शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायत हरेक क्षेत्रलाई आधार बनाएर विकास निर्माण गरेका कामहरू आम दमकबासीलाई सुनाउन लोकतन्त्रको कडीका रूपमा रहेको सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको बताए ।

कार्यक्रममा वडासचिव योगेश भट्टराईले चालु आर्थिक वर्षभरिमा सम्पादन भएका गतिविधि प्रस्तुत गरेका थिए । जसअन्तर्गत यसबर्ष वडामा १ करोड २२ लाख रूपैयाँ बजेट बिनियोजन भएकोमा भदौमा भएको जेनजी आन्दोलनले १० प्रतिशत बजेट कटौती भएको जनाइयो । तत्पश्चात रहेको १ करोड १० लाख रूपैयामध्ये ४७ प्रतिशत वित्तीय प्रगति र ९५ प्रतिशत प्रगती भएको छ । राजश्वतर्फ ७३ लाख ९३ हजार रूपैयाँ संकलन भएको उनले बताए ।

सार्वजनिक सुनुवाईमा वडाका विभिन्न टोलबासीको सहभागिता रहेको थियो । सहभागिले वडामा रहेको विकास निर्माण, फोहोरमैला, कार्यसम्पादन लगायतका प्रश्न गरेका थिए । त्यसको जवाफ नगर प्रमुख रामकुमार थापा र वडाध्यक्ष भीम प्रसाद पौडेलले दिएका थिए ।

# कोशीको नीति तथा कार्यक्रम सार्वजनिक

**बिराटनगर/** कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३-८४ का लागि आफ्नो वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। बिहीबार बसेको कोशी प्रदेश सभा बैठकमा प्रदेश प्रमुख परशुराम खापुङ्ले प्रस्तुत गरेको कार्यक्रममा पर्यटन, पूर्वाधार, सुशासन, र कृषिलाई उच्च प्राथमिकतामा राखिएको छ।

अर्थतन्त्रलाई चलायमान बनाउन प्रदेश सरकारले वि.सं. २०८३ श्रावणदेखि २०८५ असारसम्म (दुई वर्ष) लाई "कोशी प्रदेश भ्रमण वर्ष" घोषणा गरेको छ। पूर्वाधार विकासतर्फ संघीय सरकारसँगको समन्वयमा तमोर-लेउती सुरुङमार्ग, केचना-सगरमाथा द्रुतमार्ग र चतरा-चौरीखर्क (लुक्ला) रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने महत्वाकांक्षी योजना अघि सारिएको छ। भाषिक अधिकारको क्षेत्रमा महत्त्वपूर्ण कदम चाल्दै सरकारले मैथिली र लिम्बू भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा बनाउने घोषणा गरेको छ। त्यस्तै, प्रशासनमा युवालाई भित्र्याउन "ट्यालेन्ट हन्ट" कार्यक्रम लागू गर्ने र सवारी लाइसेन्स वितरणलाई सहज बनाउन प्रदेशबाटै छपाइ गर्ने व्यवस्था मिलाइने उल्लेख छ।

स्वास्थ्य सेवालाई आधुनिक बनाउन क्षयरोग पहिचानका लागि कृत्रिम बौद्धिकता एआई मा आधारित एक्स-रे सेवा सुरु गरिने भनिएको छ। प्रादेशिक अस्पतालहरूलाई न्यूनतम ५० शैय्यामा स्तरोन्नति गरिने उल्लेख छ। खेलकुदको विकासका लागि विराटनगरस्थित गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशालालाई अन्तर्राष्ट्रियस्तरको बनाउन पहल गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

चियाको अन्तर्राष्ट्रिय बजार प्रवर्धन गर्न प्रदेशमा अन्तर्राष्ट्रिय चिया बाँकी ४ पेजमा ▸▸

# ब्राउन सुगरसहित चार पक्राउ

***दमक/*** *झापा, मोरङ र सुनसरीका विभिन्न स्थानबाट प्रहरीले लागूऔषध ब्राउन सुगरसहित चार जनालाई पक्राउ गरेको छ। प्रहरी चौकी मेचीपारी झापाबाट खटिएको गस्ती टोलीले भद्रपुर नगरपालिका-३ क्षेत्रमा शंका लागेर जाँच गर्ने क्रममा भद्रपुर-२ का २९ वर्षीय दिपेन्द्र ठटाल र ३५ वर्षीय असन राईलाई पक्राउ गरेको हो। पक्राउ पर्नेहरुको साथबाट ६ ग्राम ७० मिलिग्राम ब्राउन सुगर बरामद गरिएको प्रहरीले जनाएको छ। त्यस्तै, मोरङको इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको टोलीले पथरीशनिश्चरे नगरपालिका-४ का ३० वर्षीय इन्द्र भुजेललाई ६४० मिलिग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएको छ।*

बाँकी ४ पेजमा ▸▸

# चिनी पछि तेल रोकिन सक्ने

***बिराटनगर/*** *सोमबारदेखि जोगबनीबाट चिनी नेपाल ल्याउन भारतीय पक्षले प्रतिबन्ध लगाएको छ । नेपाल-भारतको सीमान्त क्षेत्र जोगबनी नाकाको दशगजा क्षेत्रमा तैनाथ भारती सुरक्षाकर्मीले चिनी नेपाल भित्र्याउन दिइरहेका छैन । जोगबनीबाट किनमेल गरेर नेपाल फर्किरहेका नेपालीहरूको झोला भारतीय पक्षले चेक गरेर चिनी जफत गरिरहेका छन् । दशगजा क्षेत्रमा तैनाथ भारतीय सुरक्षाकर्मीले नेपाल तर्फ चिनी ल्याइरहेका नेपालीलाई चिनी खरिद गरेकै पसलमा फिर्ता गर्न लगाउने र नमानेको खण्डमा चिनी जफत गर्ने गरेका छन् ।*

*नेपालको तुलनामा भारतमा चिनी प्रतिकेजी २५ रूपैयाँ सस्तो छ । भारती बजार जोगबनीमा ७५ रूपैयाँ किलोमा पाइने चिनी नेपाली बजारमा १०० रूपैयाँ भन्दा माथि बिक्री भइरहेको छ । चिनी किन्नकै कारण नेपालीहरु भारती बजार जोगबनी पुगिरहेका छन् ।* बाँकी ४ पेजमा ▸▸

# कनकाईमा लामो झोलुङ्गे पुल सञ्चालनमा



***शिवसताक्षी/*** *शिवसताक्षी नगरपालिका-६ स्थित कनकाई नदीमाथि निर्माण गरिएको लामो झोलुङ्गे पुल सञ्चालनमा आएको छ । चन्डाँगी बजारलाई लालपानी क्षेत्रसँग प्रत्यक्ष जोड्ने उक्त पुल सञ्चालनमा आएपछि स्थानीय बासिन्दाको वर्षौंदेखिको आवतजावत समस्या अन्त्य भएको छ भने विकास र सहज यातायातको नयाँ ढोका खुलेको छ ।*

*संघीय सरकारअन्तर्गत झोलुङ्गे पुल महाशाखा, कुपन्डोलको* बाँकी ४ पेजमा ▸▸




## सम्पादकीय

# अधुरो तटबन्ध, असुरक्षित बस्ती

झापा र दमक क्षेत्रका रतुवा-मावा, कमल, कन्काई, बिरिङ र मेचीजस्ता ठूला खोलाले हरेक वर्ष जनधनको क्षति गर्दै आएका छन्। नदी कटान र डुबानको जोखिम कम गर्न भन्दै डेढ दशकअघिदेखि तटबन्ध निर्माणको काम सुरू भए पनि अपेक्षित गति लिन नसक्दा तटीय क्षेत्रका नागरिक अझै त्रासमै बाँच्न बाध्य छन्। बर्खा लाग्नासाथ खोलाको बहाव बस्तीमा पस्ने डरले धेरै परिवार रातभर जाग्राम बस्नुपर्ने अवस्था अहिले पनि कायमै छ।

२०७६ सालमा तयार गरिएको विस्तृत परियोजना प्रतिवेदनअनुसार पाँच नदीमा ३०३ किलोमिटरभन्दा बढी तटबन्ध निर्माण गर्नुपर्ने लक्ष्य राखिएको थियो। तर हालसम्म मुस्किलले आधाभन्दा कम काम सम्पन्न भएको छ। कतै ४० किलोमिटर, कतै ३० किलोमिटर तटबन्ध बने पनि जोखिमपूर्ण क्षेत्र अझै खुला छन्। यसले सरकारी योजना र कार्यान्वयनबीचको कमजोर समन्वय स्पष्ट देखाउँछ।

संघीय सरकार, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम तथा एसियाली विकास बैंकको लगानी हुँदाहुँदै पनि कामले गति लिन नसक्नु गम्भीर प्रश्न हो। समस्या बजेट अभावमा मात्र सीमित छैन, निर्माणको सुस्त गति, प्रभावकारी अनुगमनको कमी र दीर्घकालीन योजना कार्यान्वयनमा देखिएको कमजोरी पनि उत्तिकै जिम्मेवार छन्।

झापा गाउँपालिकाको सुगाबथान, कबाडी बस्ती तथा शिवसताक्षी क्षेत्रका बासिन्दा अहिले पनि सुरक्षित महसुस गर्न सकेका छैनन्। सामान्य वर्षातमै खोलाले धार परिवर्तन गरेर बस्तीमा पस्ने खतरा रहँदा स्थानीयले राज्यप्रति गुनासो गर्नु स्वाभाविक हो। जनप्रतिनिधि र विपद् व्यवस्थापन समितिले पटक(पटक निर्देशन दिए पनि परिणाम प्रभावकारी देखिएको छैन ।

तटबन्ध केवल निर्माण परियोजना होइन, यो हजारौँ नागरिकको जीवन र सुरक्षासँग जोडिएको विषय हो। त्यसैले सरकारले वार्षिक झिनो बजेटको भरमा काम टार्ने होइन, स्पष्ट प्राथमिकता निर्धारण गरेर निर्माणलाई तीव्रता दिनुपर्छ। अन्यथा हरेक वर्ष बाढी र डुबानसँगै राज्यको कमजोर तयारीमाथि प्रश्न उठिरहनेछ ।

## सामाजिक सञ्जाल

# विराटनगरमा छैटौं मिल्स गोल्डकप हुने

विराटनगर । विराटनगर जुटमिलको ऐतिहासिक खेलमैदानमा आगामी सातादेखि छैठौँ संस्करणको 'मिल्स गोल्डकप' फुटबल प्रतियोगिता सुरू हुने भएको छ ।

मिल्स गोल्डकप फुटबल ट्रस्टको आयोजनामा जेठ ९ गतेदेखि १६ गतेसम्म सञ्चालन हुने यस प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जनाएको छ ।

बुधबार विराटनगरमा पत्रकार सम्मेलन गर्दै आयोजकले प्रतियोगिताको खेल तालिका र पुरस्कार राशिको घोषणा गरेको हो । प्रतियोगिताको उद्घाटन खेलमा झापाको कन्काई स्पोर्टिङ क्लब र उदयपुरको ब्रदरहुड फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

कोशी प्रदेशको फुटबल इतिहासमा विशिष्ट पहिचान बोकेको मिल्स एरियाको खेल विरासतलाई जोगाइराख्न पूर्व खेलाडीहरूको नेतृत्वमा २०७२ सालमा क्लब स्थापना गरिएको थियो । "मिल्स एरियाको फुटबल इतिहास र खेलाडीहरूको योगदानलाई जगेर्ना गर्ने हाम्रो मुख्य उद्देश्य हो,' ट्रष्टका अध्यक्ष विष्णु डंगोलले भने, "२०७७ सालदेखि हामीले निरन्तर रूपमा कोशी प्रदेश स्तरीय प्रतियोगिता सञ्चालन गर्दै आएका छौं ।"

प्रतियोगितामा कोशी प्रदेशका 'क' डिभिजनका ८ वटा फुटबल क्लबहरूको सहभागिता रहनेछ । प्रतियोगिताको विजेताले नगद २ लाख १ हजार १ सय ११ रूपैयाँ र उपविजेताले १ लाख १ हजार १ सय ११ रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

व्यक्तिगत विधातर्फ पनि पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । विभिन्न चार विधाका उत्कृष्ट खेलाडीलाई जनही ३ हजार १ सय रूपैयाँ प्रदान गरिनेछ भने प्रत्येक दिनको 'म्यान अफ द म्याच'ले ५ सय रूपैयाँ नगद पुरस्कार पाउनेछन् ।

अमृत गुरूङको संयोजकत्वमा हुन लागेको यस प्रतियोगिताको कुल अनुमानित लागत १० लाख रूपैयाँ रहेको छ । विराटनगरको औद्योगिक इतिहाससँग जोडिएको यो खेलमैदानमा हुने गोल्डकपले स्थानीय स्तरमा फुटबलको क्रेजलाई थप उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

# समृद्ध नेपालको गम्भीर चुनौती



✍ डा. देवीप्रसाद आचार्य

**नेपालमा किशोरी उमेरका विद्यालय छोड्न बाध्य हुने मुख्य कारणमध्ये बालविवाह पनि एक हो । युनिसेफ र युनेस्कोका प्रतिवेदनले बालविवाहका कारण किशोरीको विद्यालय छोड्ने दर उच्च रहेको उल्लेख गरेका छन् । विवाहपछि धेरै किशोरी पुनः विद्यालय फर्कन सक्दैनन् । यसले माध्यमिक तहमा छात्राको निरन्तरता कमजोर बनाउँछ ।**

पाकिस्तानी शिक्षा अधिकार अभियन्ता तथा नोबेल शान्ति पुरस्कार विजेता मलला युसफजईको उल्लेखित भनाइले शिक्षाको शक्ति र महत्वलाई अत्यन्त सरल तर प्रभावशाली ढंगले व्याख्या गर्दछ । वास्तवमा शिक्षा अक्षर चिन्नुमात्र होइन, मानिसलाई सचेत, सभ्य, जिम्मेवार र आत्मनिर्भर बनाउने आधारशीला हो । शिक्षा यस्तो शक्ति हो, जसले व्यक्तिको मात्र होइन, समाज र राष्ट्रकै भविष्य परिवर्तन गर्न सक्छ । तर दु:खको कुरा के छ भने आज पनि हाम्रो समाजका हजारौं बालबालिका यस आधारभूत अधिकारबाट वञ्चित भइरहेको अवस्था छ । कुनै पनि बालबालिकाका हातमा कापी, किताब र कलम हुनु पर्ने हो । विद्यालयको प्रार्थना, कक्षाकोठाको सिकाइ र खेलमैदानको रमाइलोमा रमाउनुपर्ने उमेरका बालबालिका आज जीवनको कठोर यथार्थसँग संघर्ष गरिरहेका छन् । कोही होटलमा भाँडा माझिरहेका छन्, कोही निर्माण क्षेत्रमा भारी बोकेर पसिना बगाइरहेका छन्, कोही गाडी मर्मत पसलमा काम गरिरहेका छन् भने कतिपय घरेलु कामदारका रूपमा दिन बिताइरहेका छन् ।

अझ कतिपय बालबालिका विदेशी भूमिमा समेत बालमजदुर बन्न बाध्य भएका समाचार बेलाबेला सार्वजनिक भइरहेका छन् । यस्तो अवस्थालाई गरिबीको चित्रमात्र मान्न सकिन्न, यो त राज्यको कमजोर सामाजिक न्याय र अवसर वितरणको परिणाम पनि हो ।शिक्षा मानिसको जीवनलाई अन्धकारबाट उज्यालोतर्फ डोऱ्याउने दीपक हो । शिक्षाले मानिसलाई सही र गलत छुट्याउन सिकाउँछ । शिक्षित व्यक्तिमा आत्मविश्वास, चेतना, नैतिकता, विवेक र सिर्जनशीलता विकसित भएका हुन्छन् । शिक्षित समाज नै सभ्य समाज हो । जहाँ शिक्षा कमजोर हुन्छ, त्यहाँ गरिबी, बेरोजगारी, अन्धविश्वास, हिंसा र विभेद बलियो बन्दै जान्छ । त्यसैले कुनै पनि राष्ट्रको दीर्घकालीन समृद्धिको आधार नै शिक्षा हो ।

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक अधिकारका रूपमा स्थापित गरेको छ । साथै, युनेस्को तथा युनिसेफलगायत अन्तर्राष्ट्रिय संस्थाले पनि प्रत्येक बालबालिकाले गुणस्तरीय शिक्षा पाउनुपर्ने विषयमा जोड दिँदै आएका छन् । नेपाल सरकारले पनि निःशुल्क तथा अनिवार्य शिक्षा, छात्रवृत्ति, दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रा प्रोत्साहन कार्यक्रमजस्ता योजना सञ्चालन गरिरहेको छ । तर, यति हुँदाहुँदै पनि अझै धेरै बालबालिका विद्यालय बाहिरै छन् । यसबाट पनि नीति र व्यवहारबीच ठूलो दूरी रहेको स्पष्ट हुन्छ ।

नेपालमा शिक्षाको इतिहास हेर्ने हो भने विगत केही दशकमा उल्लेखनीय प्रगति भएको पाइन्छ । २००७ सालअघि देशमा अत्यन्त न्यून विद्यालय थिए । उच्च शिक्षाका लागि काठमाडौं घण्टाघरस्थित त्रिचन्▯ बहुमुखी क्साम्पसमात्र उपलब्ध थियो । आज भने देशभर हजारौं विद्यालय र विश्वविद्यालय सञ्चालनमा छन् । साक्षरता दर पनि उल्लेखनीयरूपमा बढेको छ । यद्यपि, विद्यालय संख्या बढ्दैमा शिक्षा सर्वसुलभ भएको मान्न सकिँदैन । अझै पनि दुर्गम गाउँका धेरै बालबालिका विद्यालय पुग्न घण्टौं हिँड्न बाध्य छन् । कतिपय विद्यालयमा शिक्षक अभाव छ, कतै भवन छैन, कतै गुणस्तरीय शिक्षणको समस्या छ ।

समाजमा अझै पनि चेतना अभाव, बालविवाह, लैंगिक विभेद, अशिक्षा, घरेलु हिंसा तथा सामाजिक कुसंस्कार विद्यमान छन् । विशेषगरी, ग्रामीण क्षेत्रमा बालबालिका बढी प्रभावित हुने गरेका छन् । घरायसी कामको बोझ, कम उमेरमै विवाह तथा परिवारको विभेदपूर्ण सोचका कारण धेरै बालिकाले माध्यमिक तहसम्म पुग्नै पाउँदैनन् । शिक्षामा लैंगिक समानता स्थापित नगरी समतामूलक समाज निर्माण सम्भव हुँदैन ।

अर्कोतर्फ, विद्यालयमा भर्ना भएका सबै विद्यार्थीले गुणस्तरीय शिक्षा पाएका छन् भन्ने पनि छैन । कतिपय विद्यालयमा नियमित शिक्षक हुँदैनन् । कतिपय स्थानमा विद्यार्थी संख्या धेरै भए पनि भौतिक पूर्वाधार कमजोर छ । सूचना प्रविधि युगमा पनि धेरै विद्यालयमा कम्प्युटर, इन्टरनेट तथा आधुनिक सिकाइ सामग्री अभाव छ । शिक्षाको गुणस्तर कमजोर हुँदा विद्यार्थीमा सिकाइप्रति रूचि घट्दै जान्छ । प्रमाणपत्र दिने शिक्षा प्रणालीले समाजलाई दक्ष जनशक्ति दिन सक्दैन । आज विश्व कृत्रिम बुद्धिमत्ता, विज्ञान र डिजिटल प्रविधि युगमा प्रवेश गरिरहेको छ । विकसित देश अनुसन्धान, नवप्रवर्तन र सीपमा आधारित शिक्षाकेन्द्रित छन् । तर, नेपाली समाजका हजारौं बालबालिका अझै प्राथमिक शिक्षासमेत पूरा गर्न नपाई श्रम बजारमा हराइरहेका छन् । यस्तो अवस्थामा 'नेपालले कसरी विश्वसँग प्रतिस्पर्धा गर्न सक्छ ? अशिक्षित र अर्धशिक्षित जनशक्तिले आधुनिक राष्ट्र निर्माण गर्न सक्छ त ?' यी प्रश्नमाथि गम्भीररूपमा सोच्नुपर्ने बेला आएको छ ।

नेपाल सरकारले प्रत्येक वर्ष विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै आएको छ । तर, भर्ना अभियान औपचारिक कार्यक्रम बन्न थालेको आलोचना पनि हुने गरेको छ । विद्यालयमा नाम लेखाउँदैमा समस्या समाधान हुँदैन । विद्यार्थी विद्यालयमा टिक्न सक्ने वातावरण निर्माण गर्नु अझ महत्वपूर्ण विषय हो । गरिब तथा विपन्न परिवारलाई आर्थिक सहयोग, छात्रवृत्ति, निःशुल्क स्वास्थ्य सेवा, पोषण कार्यक्रम तथा आयआर्जनसँग जोडिएका सहायताले मात्र बालबालिकालाई विद्यालयमा टिकाउन सकिन्छ ।

स्थानीय सरकारको भूमिका पनि यहाँ अत्यन्त महत्वपूर्ण हुन्छ । देशभर रहेका ७ सय ५३ स्थानीय तहले आˆना क्षेत्रमा विद्यालयबाहिर रहेका बालबालिकाको वास्तविक अवस्था पहिचान गर्नुपर्छ । 'कुन घरका बालबालिका किन विद्यालय जान सकेका छैनन् ?' भन्ने विषयमा तथ्यगत अध्ययन हुनुपर्छ । नीति बनाएरमात्र हुँदैन, घरदैलोमा पुगेर समस्या समाधान गर्ने कार्यशैली आवश्यक छ । गाउँगाउँमा सिंहदरबार पुगेको भनिए पनि त्यो अनुभूति जनताले गर्न सक्नुपर्छ । प्रसिद्ध दार्शनिक एबितयले भनेका छन्, 'सामूहिक हित नै न्याय हो ।' लोकतान्त्रिक राज्यको दायित्व समाजका सबै वर्गलाई समान अवसर उपलब्ध गराउनु हो । शिक्षा त्यही अवसरको सबैभन्दा महत्वपूर्ण आधार पनि हो । यदि कुनै बालबालिका गरिबीका कारण विद्यालय जान सक्दैन भने त्यो परिवारको समस्यामात्रै हुँदैन, त्यसलाई राज्य र समाज दुवैको असफलता हो ।

आजको युगमा शिक्षाबाट कुनै पनि बालबालिका वञ्चित हुनु भनेको राष्ट्रको भविष्य कमजोर बन्नु हो । बालबालिकाका हातमा श्रमको भारी होइन, ज्ञानको उज्यालो हुनुपर्छ । उनीहरूको आँखामा निराशा होइन, सपना हुनुपर्छ । त्यसैले अब राज्य, अभिभावक, विद्यालय, शिक्षक, नागरिक समाज, निजी क्षेत्र तथा सम्पूर्ण सरोकारवाला मिलेर शिक्षालाई वास्तविकरूपमा सर्वसुलभ र गुणस्तरीय बनाउन गम्भीर पहल गर्न आवश्यक छ । शिक्षाबाट वञ्चित बालबालिकालाई दया होइन, अवसर दिनुपर्छ । उनीहरूलाई सहानुभूति होइन, अधिकार सुनिश्चित गर्नुपर्छ । हुनेखानेका लागिमात्र होइन, हुँदा खाने, सिमान्तकृत, दलित, जनजाति, सुकुम्बासी, फरक क्षमता भएका तथा सामाजिकरूपमा पछाडि पारिएका सबै बालबालिकालाई समानरूपमा शिक्षाको पहुँचमा ल्याउन सकिएमात्र समतामूलक र समृद्ध नेपाल निर्माण सम्भव हुनेछ । शिक्षित पुस्ता नै राष्ट्रको बलियो भविष्य भएकाले अब कुनै पनि बालबालिका अभाव, गरिबी र विभेदका कारण विद्यालय बाहिर बस्न नपरोस् भन्ने दिशामा सम्पूर्ण राष्ट्र एकजुट भएर अघि बढ्न आवश्यक छ ।

नेपालले पछिल्ला दुई दशकमा विद्यालय शिक्षामा उल्लेखनीय प्रगति गरे पनि अझै केही बालबालिका प्राथमिक शिक्षाबाट वञ्चित छन् । विभिन्न अन्तर्राष्ट्रिय तथ्यांकअनुसार नेपालमा प्राथमिक विद्यालय उमेर समूहका करिब ३ देखि ५ प्रतिशत बालबालिका अझै विद्यालयबाहिर छन् । युनेस्को र विश्व बैंकका शिक्षा सूचकले नेपालमा प्राथमिक विद्यालय जाने उमेरका विद्यालयबाहिर रहेका बालबालिकाको दर कम हुँदै गएको जनाएका छन् । यसको अर्थ नेपालमा विद्यालय पहुँच धेरै विस्तार भए पनि सबै बालबालिकाले समानरूपमा शिक्षा पाएका छैनन् । अझै पनि दुर्गम भौगोलिक क्षेत्र, गरिबी, बालविवाह, बालश्रम, अपांगता, लैंगिक विभेद तथा सामाजिक असमानताका कारण हजारौं बालबालिका विद्यालयबाहिर छन् ।

नेपालको संविधानले आधारभूत शिक्षा प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । सरकारले 'सबैका लागि शिक्षा' नीति अघि सारेको छ । विशेषगरी प्राथमिक तहमा विद्यालय भर्नादर बढेको छ । तर 'भर्ना हुनु' र 'निरन्तर पढिरहनु' फरक कुरा हुन् । धेरै बालबालिका विद्यालयमा नाम लेखाए पनि बिचमै पढाइ छोड्ने समस्या अझै गम्भीर छ । विशेषगरी कर्णाली, मधेश तथा हिमाली क्षेत्रका केही जिल्लामा विद्यालय पहुँच चुनौतीपूर्ण छ । दुर्गम गाउँमा विद्यालय टाढा हुनु, यातायात अभाव, शिक्षक कमी तथा कमजोर शैक्षिक पूर्वाधारले गर्दा बालबालिकाको नियमित उपस्थितिमा असर पर्छ । कतिपय ठाउँमा बालबालिका विद्यालय पुग्न दैनिक घण्टौं हिँड्नुपर्ने बाध्यता विद्यमान छ ।

गरिबी शिक्षा वञ्चितताको प्रमुख कारणमध्ये एक हो । राष्ट्रियस्तरमा गरिबी घट्दै गए पनि आर्थिक असमानता कायम छ । कमजोर आर्थिक अवस्था भएका परिवारले बालबालिकालाई विद्यालय पठाउनुको सट्टा काममा लगाउने गर्छन् । विशेषगरी ग्रामीण क्षेत्रमा कृषि, घरेलु काम वा साना व्यवसायमा बालबालिकाको श्रम प्रयोग गरिन्छ । यसले उनीहरूको शिक्षामा प्रत्यक्ष असर पार्छ । नेपाल जीवनस्तर सर्वेक्षणले अझै ठूलो जनसंख्या गरिबीको रेखामुनि रहेको देखाएको छ, जसको प्रभाव शिक्षामा पनि परेको छ ।

त्यस्तै, बालविवाह अर्को गम्भीर समस्या हो । नेपालमा किशोरी उमेरका विद्यालय छोड्न बाध्य हुने मुख्य कारणमध्ये बालविवाह पनि एक हो । युनिसेफ र युनेस्कोका प्रतिवेदनले बालविवाहका कारण किशोरीको विद्यालय छोड्ने दर उच्च रहेको उल्लेख गरेका छन् । विवाहपछि धेरै किशोरी पुनः विद्यालय फर्कन सक्दैनन् । यसले माध्यमिक तहमा छात्राको निरन्तरता कमजोर बनाउँछ । नेपालले प्राथमिक शिक्षामा पहुँच विस्तारमा उल्लेखनीय उपलब्धि हासिल गरेको भए पनि अझै करिब ३-५ प्रतिशत बालबालिका विद्यालयबाहिर हुनु चिन्ताको विषय हो ।

# पत्रकार महासंघका विरोधका थप कार्यक्रम

दमक । नेपाल पत्रकार महासंघले सरकारी सूचना (विज्ञापन) वितरणमा देखिएको विभेदकारी नीतिविरूद्ध थप दबाबमूलक आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । श्रमजीवी पत्रकारको हित, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सूचनामा समान पहुँच सुनिश्चित गर्न सरकारले प्रभावकारी कदम नचालेपछि महासंघ आन्दोलनलाई निरन्तरता दिन बाध्य भएको जनाएको छ । सरकारले खर्च कटौतीको बहानामा सबै तहका सरकारी सूचना तथा विज्ञापन राज्य नियन्त्रित सञ्चारमाध्यमलाई मात्र दिने निर्णय गरेको भन्दै महासंघले यसलाई विभेदकारी र प्रेस स्वतन्त्रताविरोधी कदमका रूपमा लिएको छ । पटक(पटक ध्यानाकर्षण गराउँदा पनि माग सम्बोधन नभएपछि महासंघ करिब डेढ महिनादेखि निरन्तर दबाब अभियानमा रहेको छ ।

महासंघले सार्वजनिक गरेको पछिल्लो कार्यक्रमअनुसार २०८३ जेठ ७ गतेदेखि एक सातासम्म तीनै तहका संरचनामार्फत हस्ताक्षर संकलन अभियान सञ्चालन गरिनेछ । त्यसपछि जेठ ११ गते केन्द्रीय समितिले संघीय संसद्का सभामुख, राष्ट्रिय सभाका अध्यक्ष तथा संसदीय समितिका सभापतिलाई ज्ञापनपत्र बुझाउनेछ । साथै, प्रदेश र शाखा तहबाट ई(मेल तथा हुलाकमार्फत ज्ञापनपत्र पठाइनेछ ।

त्यस्तै, जेठ १४ गते देशभरका सबै पत्रपत्रिका, टेलिभिजन, रेडियो तथा अनलाइन सञ्चारमाध्यममार्फत सरकारी निर्णयविरूद्ध सम्पादकीय वा उपयुक्त स्थानमा कालो राख्ने प्रतीकात्मक विरोध कार्यक्रम सञ्चालन गरिने महासंघले जनाएको छ ।

महासंघका अनुसार, साताव्यापी दबाब अभियानपछि पनि माग सम्बोधन नभए आन्दोलनलाई थप सशक्त बनाइने जनाएको छ ।

# निशुल्क स्वास्थ्य शिविर

ताप्लेजुङ/ ताप्लेजुङको फक्ताङलुङ गाउँपालिकामा निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ताप्लेजुङको आयोजनामा गाउँपालिकाको सिँवा बजार र तापेथोक क्षेत्रमा दुई दिने शिविर सञ्चालन गरिएको हो । शिविरमार्फत कुल २२८ जनाले स्वास्थ्य सेवा लिएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ताप्लेजुङका अजयकुमार झाले जानकारी दिए । उनको अनुसार सिँवा बजारमा ४१ पुरूष र ८५ महिला गरी १२६ जना लाभान्वित भएका छन् भने तापेथोकमा ४१ पुरूष र ६१ महिला गरी १०२ जनाले सेवा लिएका छन् ।

शिविरमा सहभागी नागरिकलाई निःशुल्क स्वास्थ्य जाँच, औषधी वितरण तथा स्वास्थ्य परामर्श सेवा प्रदान गरिएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ताप्लेजुङले जनाएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।



Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडिदेखि तपाईंहरूको सेवामा
सम्पूर्ण थरी मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इन्भर्टर सोलार स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेसिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेसिन, कौटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इन्भर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरू, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरू मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१९५)



बिर्तामोड: राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# तीन दशकपछि पनि टुंगिएन भुटानी शरणार्थी समस्या



◆ सुजन गौतम

दमक । नेपालमा भुटानी शरणार्थी समस्या सुरु भएको तीन दशकभन्दा बढी बितिसक्दा पनि झापा र मोरङका शिविरमा अझै करिब ६ हजार भुटानी शरणार्थी कष्टकर जीवन बिताउन बाध्य छन्। तेस्रो देश पुनर्स्थापनाअन्तर्गत धेरै शरणार्थी अमेरिका, क्यानडालगायतका मुलुकमा बसाइँ सरिसके पनि शिविरमा रहेका अधिकांश शरणार्थी अझै स्वदेश फर्किने आशामा छन् । उनीहरूले नेपाल सरकारले प्रभावकारी कूटनीतिक पहल गरी भुटान फर्किने वातावरण बनाउनुपर्ने माग गरेका छन् ।

झापाको दमकस्थित बेलडाँगी शरणार्थी शिविरमा बस्दै आएका ८५ वर्षीय धनबहादुर तामाङ ३५ वर्षअघि भुटानबाट निर्वासित भएपछि परिवारसहित शिविरमा आश्रय लिन आइपुगेका हुन । अहिले उनी बाँसको छाप्रोमा कठिन जीवन बिताइरहेका छन् । वर्षा लाग्नेबित्तिकै घर चुहिने समस्या हुँदा रात कटाउने मुस्किल हुने गरेको उनी बताउँछन ।

धनबहादुरकी श्रीमती फूलमाया र जेठा छोरा मनिष रतन्धो रोगबाट पीडित छन् । आर्थिक अभावका कारण उपचार गराउन नसकिएको परिवारको गुनासो छ । दैनिक ज्यालामजुरी गरेर छाक टार्नुपर्ने बाध्यता रहेको र काम नपाएको दिन भोकै बस्नुपर्ने अवस्था रहेको उहाँले सुनाउनुभयो। कान्छा छोरा चर्चमा खाना पाइने आशाले बिहान( बेलुका त्यहाँ जाने गरेका छन् भने छोरी विवाहपछि अमेरिका बस्दै आएकी छिन् ।

शिविरमा पहिले पाइने सीमित सहयोगसमेत पछिल्लो समय घट्दै गएको शरणार्थीहरु बताउँछन् । स्वदेश फर्किने आशा अझै बाँकी रहे पनि त्यसका लागि कसले पहल गर्ने भन्ने अन्योल उनीहरुमा छ। बेलडाँगी शिविरका कृष्णवीर तामाङ र रत्नमाया दर्जीले नयाँ सरकारले भुटानसँग कूटनीतिक पहल गरी शरणार्थी समस्या समाधान गर्नुपर्ने माग गरे ।

हाल बेलडाँगी शिविरमा करिब १२०० घरपरिवारका झण्डै ४५ सय शरणार्थी बसोबास गर्दै आएका छन्। शिविर प्रमुख सञ्चाहाङ सुब्बाका अनुसार मोरङको पथरीशनिश्चरे शिविरमा पनि करिब १५ सय भुटानी शरणार्थी बस्दै आएका छन् ।

# मिस नेपालका लागि आवेदन खुला



दमक । द हिडन ट्रेजरले मिस नेपाल २०२६ प्रतियोगिताका लागि आवेदन खुला गरेको छ । नेपालभित्र तथा विदेशमा बसोबास गरिरहेका इच्छुक युवतीहरूलाई आवेदन दिन आह्वान गरिएको आयोजकले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो । आवेदन दिने अन्तिम मिति जेठ २५ सम्मलाई तोकिएको छ ।

प्रतियोगिताको ग्राण्ड फिनाले आगामी साउन १६ गते शनिबार हुनेछ ।

आयोजकका अनुसार प्रतियोगितामा सहभागी हुन न्यूनतम उचाइ ५ फिट ३ इन्च र उमेर १८ देखि २७ वर्ष हुनुपर्नेछ । आवेदकसँग नेपाली नागरिकता अनिवार्य रहेको छ । विदेशमा बसोबास गर्ने नेपालीहरूले गृह मन्त्रालयद्वारा जारी एनआरएन कार्डका आधारमा आवेदन दिन सक्नेछन् । आवेदन दर्ता नि:शुल्क राखिएको आयोजकले जनाएको छ ।

यस वर्षको प्रतियोगिताबाट मिस नेपाल वर्ल्ड, मिस नेपाल कोस्मो र मिस नेपाल इन्टरनेशनल गरी तीन जना विजेता छनोट गरिनेछन् ।

प्रतियोगिताका लागि मुख्य शीर्ष प्रायोजक तथा सह(प्रायोजकका रूपमा रहेका छन् । नटराज ज्वेलर्स गत वर्षदेखि क्राउन पार्टनरको रूपमा आबद्ध रहेको बताइएको छ ।

मिस नेपालको खोज अभियान विराटनगर, इटहरी, बुटवल, पोखरा, नेपालगञ्ज र जनकपुरमा सञ्चालन गरिनेछ । साथै काठमाडौंका १० वटा कलेजमा मिस नेपाल एक्टिभेसन अभियान सञ्चालन हुने आयोजकले जनाएको छ ।

प्रतियोगिताको अन्तिम अडिसन जेठ २९ गते काठमाडौंमा आयोजना हुनेछ । छनोट भएका प्रतिस्पर्धीहरूले ग्राण्ड फिनालेअघि विशेष प्रशिक्षण तथा ग्रुमिङ प्राप्त गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

## मधेशमा वन अतिक्रमित

जनकपुर । मधेश प्रदेशमा गत आर्थिक वर्ष २०८१/८२ मा ४४२ हेक्टर अतिक्रमित वन क्षेत्र खाली गराइएको छ । वन निर्देशनालय जनकपुरधामका अनुसार सबैभन्दा बढी सर्लाहीमा १७५ हेक्टर र सप्तरीमा १११ हेक्टर वनक्षेत्र फिर्ता लिइएको हो। अतिक्रमित क्षेत्रमा खेती, गोठनिर्माण, होटल, पसल तथा घर बनाएर बसोबास हुँदै आएको थियो । निर्देशनालयका अनुसार प्रदेशका आठ जिल्लामा अझै १६ हजार ५९९ हेक्टर वनक्षेत्र अतिक्रमणमा रहेको छ ।

## जानकारी

# झापाका दुई जनामाथि रेडकर्नर नोटिस जारी

दमक । झापाको कनकाई नगरपालिका-१ जामुनवारीका हेमन्त दर्जीको आत्महत्यापछि उनकी श्रीमती पूजा महरा दर्जी र भारतीय नागरिक इब्राहिम कान्टुको नाममा प्रहरीले रेडकर्नर नोटिस जारी गरेको छ । पूजा हाल दुबईमा रहेकी छन् भने भारतको दिघलबैक घर भएका इब्राहिम फरार रहेको प्रहरीले जनाएको छ ।

२७ वर्षीय हेमन्तले गत वैशाख १ गते आफ्नै घरमा आत्महत्या गरेका थिए। परिवारका अनुसार पूजा र इब्राहिमबीचको सम्बन्धका कारण हेमन्त लामो समयदेखि मानसिक तनावमा थिए। इब्राहिमले परिवारलाई फोन गरेर धम्की दिने र पूजासँगका भिडियो पठाउने गरेको आरोप परिवारको छ ।

परिवारले यसबारे पटक-पटक प्रहरीमा उजुरी दिए पनि समयमा कारबाही नभएको गुनासो गरेको छ। हेमन्त वैदेशिक रोजगारीका लागि कतारमा रहेका बेला पनि इब्राहिमले परिवारलाई दु:ख दिने गरेको बताइएको छ। पछि परिवारले उनलाई घर बोलाएको थियो। घर फर्किएपछि पनि इब्राहिमले 'श्रीमती र बच्चा मेरै हो' भन्दै भिडियो र सन्देश पठाएर तनाव दिने गरेको परिवारले जनाएको छ ।

हेमन्तका आफन्तले प्रहरीले समयमा अनुसन्धान नगर्दा घटना दु:खद मोडमा पुगेको बताएका छन्। अहिले परिवारले पूजा र इब्राहिमलाई नेपाल ल्याएर निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेको छ ।

इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठका अनुसार धम्कीसम्बन्धी उजुरीपछि मुद्दा दर्ता गरिएको थियो। आत्महत्यापछि थप अनुसन्धानका लागि दुवै जनाको नाममा रेडकर्नर नोटिस जारी गरिएको उनले बताए ।

# लायन्सद्वारा विद्यार्थीलाई स्वेटर वितरण

विराटनगर । लायन्स र जेसीजको सहयोगमा विराटनगरको एक विद्यालयमा अध्ययनरत २ सय ६८ जना विद्यार्थीहरूलाई स्विटर वितरण गरिएको छ । विद्यार्थीहरूलाई स्विटर सँगै स्टेशनरी सामग्री र खेलकुद सामग्री वितरण गरिएको छ ।

लायन्स क्लब अफ विराटनगर, लायन्स क्लब अफ विराटनगर (एक्टिभ), लायन्स क्लब अफ विराटनगर ( ग्रोगाहा) र विराटनगर जेसीजको सहयोगमा विराटनगर महानगरपालिकाको वडा नं. ७ स्थित श्री बाल मन्दिर आधारभूत विद्यालयमा अध्ययनरत २६८ जना विद्यार्थीहरूलाई स्विटर वितरण गरिएको छ । विद्यालयमा अध्ययनरत सबै विद्यार्थीलाई स्विटर वितरण गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य, संविधान सभा सदस्य एवं कोशी प्रदेशका सांसद अमृत अर्याल, कोशी प्रदेश सांसद डोल्मा तामाङ, कोशी प्रदेश सांसद दुर्गा चापागाईं, लायन्स क्लबका पूर्व डिस्ट्रिक्ट गभर्नर फुलकुमार लालवानी र रेवतबहादुर कार्की, लायन्स क्लब अफ विराटनगरका अध्यक्ष निर्मल दाहाल, पूर्व अध्यक्ष मुकेश उपाध्याय र टिकाराज ढकाल, लायन्स क्लब अफ विराटनगर (एक्टिभ) का अध्यक्ष सुभाषचन्द्र यादव, विराटनगर जेसीजका अध्यक्ष प्रितेसराज दाहाल, गणेशमान सिंह फाउन्डेसन कोशी प्रदेश समितिका अध्यक्ष श्याम पौडेल, उद्योग संगठन मोरङका वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठी, नेपाली कांग्रेसका युवा नेता राजु मास्के र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुन निरौलाले विद्यार्थीहरूलाई स्विटर, स्टेशनरी सामग्री र खेलकुद सामग्री वितरण गरेका थिए ।

# ५ सय बढीले गरे सगरमाथा आरोहणमा

दमक । सगरमाथा आरोहणमा नयाँ रेकर्ड बन्ने भएको छ । ३० बैशाखमा आरोहण खुलेको सगरमाथामा हालसम्म ५ सय बढीले चुचुरो चुमेको सगरमाथा आधार शिविरस्थित पर्यटन विभागको अस्थायी फिल्ड कार्यालय प्रमुख खिमलाल गौतमले जानकारी दिए ।

उनका अनुसार यसअघि सन् २०१९ मा २२३ जनाले एकै दिन आरोहण गरेका थिए । आज बिहानसम्ममा चुचुरोनजिक २७० जना पुगेको र आरोहणको तथ्यांक रूजु गर्ने कार्य भइरहेको उनले जानकारी दिए ।

'हालसम्मको आरोहणको मोटामोटी तथ्यांक ५०० बढीको देखिन्छ । यो रेकर्ड ब्रेककै अवस्था हो', उनले भने, 'बेलैमा एक्पिडिशन टिमको बाटो बनाउने साहसिक कार्य सम्पन्न गर्नु र मौसमले साथ दिएका कारण यो सफलता मिलेको हो ।'

पर्यटन विभागका अनुसार यो सिजनमा विभिन्न देशका ७ सय जनाले हिमाल आरोहणको अनुमति लिएका छन् ।

## पुस्तक साभार



# नेपालको इतिहास र समाज अध्ययन

✍ डा. सूर्यमनि अधिकारी

## एकीकरण पहिले नेपालको राजनीतिक अवस्था

क्रमागत....

**नुवाकोटमाथि पहिलो बाक्रमण**

किनभने-पृथ्वीनारायण शाह सबभन्दा पहिले नुवाकोटमाथि अधिकार गर्न चाहन्थे,

(१) गोर्खाका लागि नुवाकोट उपत्यका प्रवेश गर्ने मुख्य द्वारको रूपमा थियो । नुवाकोट विजय गरेर मात्र उपत्यकातर्फ अघि बढ्न सकिन्थ्यो।

(२) नुवाकोट अग्लो स्थानमा रहेको र उपत्यकाबाट नजिक पर्ने भएकाले आधार किल्लाको रूपमा प्रयोग गर्न सकिन्थ्यो ।

(३) नुवाकोटका उर्बर फाँटहरूलाई गोर्खाली सेनाका लागि खाद्यान्न आपूर्ति हुन सक्दथ्यो ।

(४) काठमाडौंबाट नुवाकोट हुँदै केरूङ भएर तिब्बत जाने व्यापारिक मूलबाटामा अधिकार गरी गोर्खाको आयस्रोत बढाउन सकिन्थ्यो भने उता कान्तिपुर राज्यलाई ठूलो आर्थिक क्षति पर्ने थियो ।

(५) नुवाकोटमाथि अधिकार गरी पृथ्वीनारायण शाह आ" ना पिताका पालाको हारको बदला लिन चाहन्थे ।

तसर्थ पृथ्वीनारायण शाह नुवाकोटमा आक्रमण गर्न हतारिए। राजगद्दीमा बसेको वर्ष दिन नहुँदै वि.सं. १८०० मा आवश्यक तयारी नगरी उनले नुवाकोटमा आक्रमण गर्न विराज थापा मगरको नेतृत्वमा गोर्खाली सेना पठाए। नुवाकोटगढी अग्लो स्थानमा भएकाले एकाएक आक्रमण गर्न गाह्रो थियो। उनी त्रिशूली नदीको पश्चिम किनारमा मुकाम कायम गरी उचित अवसरको प्रतीक्षा गर्न लागे। उता पृथ्वीनारायण शाह तुरुन्त आक्रमण गर्नुपर्छ भन्नेमा थिए। विराज थापाले ढिलाइ गरेको देखेर उनलाई अविश्वास गरेझैं गरी पृथ्वीनारायण शाहले अर्का काजी महेश्वर पन्तको नेतृत्वमा अर्को एउटा गोर्खाली सैन्यदल नुवाकोटतर्फ पठाए । महेश्वर पन्तले सरासर त्रिशूली पार गरी नुवाकोटमाथि आक्रमण गरे। त्यस बखत नुवाकोट कान्तिपुर राज्यअन्तर्गत थियो । नुवाकोटको रक्षार्थ रहेका कान्तिपुरका सेनासँग गोर्खाली सैनिकको जोड चलेन । गोर्खाली सैनिकहरु नराम्रोसँग हार खाई फर्कन बाध्य भए ।

नुवाकोटको हारबाट पृथ्वीनारायण शाहले केही महत्वपूर्ण पाठ सिके-

(१) विजय अभियान सञ्चालन गर्न एक जना योग्य काजीको आवश्यकता महसुस गरियो ।

(२) सेना र हातहतियारको उचित प्रबन्ध हुनुपर्ने देखियो ।

(३) युद्धका साथै कूटनीतिक उपाय पनि अपनाउनुपर्ने महसुस भयो ।

एकीकरण अभियानको तयारी

नुवाकोटको पराजयपछि पृथ्वीनारायण शाहले एकीकरण अभियानका लागि निम्नानुसार तयारी गर्नेतर्फ आफ्नो ध्यान केंद्रित गरे-

(१) बनारस यात्रा पृथ्वीनारायण शाहको दोस्रो विवाह बनारसमा भएको थियो । परम्परादेखि नै बनारस हिन्दूहरूको पवित्र तीर्थस्थल रहिआएको थियो । पहाडखण्डका हिन्दूहरु भारतका गया, प्रयाग, बनारस आदि तीर्थस्थलमा गएर आफ्ना मृतक पूर्वजहरूको श्राद्ध गर्ने, तर्पण दिने आदि गर्दथे। पृथ्वीनारायण शाहका पिताको पनि एक वर्ष पहिले देहावसान भएको थियो। तसर्थ गोर्खाको राजकाजको अभिभारा रणरुद्र शाह र कालु पाण्डेको जिम्मा लगाई केही अङ्गरक्षक, पुरोहित र सहयोगी साथ लिई पृथ्वीनारायण शाह बनारस तीर्थयात्राका लागि रवाना भए। यस यात्राको बाहिरी उद्देश्य तीर्थयात्रा भए पनि भित्री उद्देश्यचाहिँ आफ्ना ससुराका सहयोगले हातहतियार जम्मा गर्ने र भारत तथा बाइसे चौबीसे राज्यहरूको हालचाल बुझ्नु थियो । क्रमश:...

## स्वास्थ्य

# किष्ट मेडिकल कलेजबाट २ सयको मृगौला प्रत्यारोपण



दमक । किष्ट मेडिकल कलेज शिक्षण अस्पताल अन्तर्गतको किष्ट किड्नी ट्रान्सप्लान्ट सेन्टरले दुई सय वटा मिर्गौला प्रत्यारोपण सफलतापूर्वक सम्पन्न गरेको छ । निजी क्षेत्रका अस्पतालहरूमध्ये यो उपलब्धि उच्च मानिएको छ ।

अस्पतालका अनुसार सेन्टरले अन्तर्राष्ट्रिय स्तरसँग तुलना गर्न मिल्ने सफलता दर कायम गर्दै नेपालकै अग्रणी मिर्गौला प्रत्यारोपण केन्द्रका रूपमा पहिचान बनाएको छ ।

स्थापनादेखि नै आधुनिक प्रविधि र गुणस्तरीय उपचारमा जोड दिँदै आएको सेन्टरले अनुभवी चिकित्सक र प्राविधिक टोलीको सहयोगमा राम्रो नतिजा हासिल गरेको जनाएको छ ।

सेन्टरमा जीवित दाताबाट मिर्गौला प्रत्यारोपण गरिँदै आएको छ। दाताको स्वास्थ्य सुनिश्चित गर्न विस्तृत परीक्षण गरिनुका साथै शल्यक्रियापछि पनि नियमित निगरानी गरिने अस्पतालले जनाएको छ ।

त्यसैगरी, 'पेयर्ड एक्सचेन्ज' प्रणालीमार्फत दाता नमिलेका बिरामीहरूलाई पनि प्रत्यारोपणको अवसर दिइँदै आएको छ। यस विधिमा दुई बिरामी(दाता समूहबीच आपसी मिलान गरी मिर्गौला साटासाट गरेर प्रत्यारोपण गरिन्छ। ल्यापारोस्कोपिक प्रविधिबाट गरिने शल्यक्रियाले दातालाई कम पीडा, कम रक्तस्राव र छिटो निको हुने सुविधा दिएको छ ।

सेन्टरले गुणस्तरीय, सुरक्षित र पहुँचयोग्य सेवा प्रदान गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै आगामी दिनमा अझ धेरै बिरामीलाई सेवा दिने लक्ष्य लिएको जनाएको छ ।



दैनिक राशिफल

आज मिति २०८३ साल जेठ ०८ गते शुक्रबार 22 May 2026 तिथि: षष्ठी



ज्यो. लक्ष्मी प्र. ढकाल

ठेगाना : क्याम्पस मोड, सगरमाथा आंचल निगम, उत्तर

सम्पर्कका लागि: ९८६७३१०८८२/९८१४००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे चो ला लि लु ले लो अ | परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सबल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | राज्यपक्षबाट सहयोग । आयमा बृद्धि । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | सरकार पक्षको भय । अकस्मात केही लाभ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पेटमा समस्या । सामान्य धन लाभ |
| कन्या | टो प पी पू ष ण ठ पे पो | जीवनसाथीको प्रगति । व्यवसायबाट लाभ |
| तुला | रा री रु रे रो ता ती तु ते | कृषि कार्य प्रवल् किराना पसलबाट धन लाभ |
| वृश्चिक | तो ना नि नु ने नो या यि यु | पढाईमा समस्या । सामान्य धन लाभ |
| धनु | ये यो भा भी भु धा फा ढ भे | माताबाट सहयोग । बाहनबाट सुख |
| मकर | भो जा जी खि खु खे खो गा गी | भाइबैनीबाट सहयोग । पराक्रम बढ्ने, धन लाभ । |
| कुम्भ | गु गे गो सा सी सु से सो द | शिक्षामा रुची । व्यवसायबाट लाभ |
| मीन | दि दु थ झ ञ दे दो चा ची | धन लाभ । मित्रबाट सहयोग । |



**पर्यटक तान्न उल्टोघर :** मोरङको मिक्लाजुङ-३ टाँडीस्थित निसेलुङ पार्कमा पर्यटक आकर्षित गर्न बनाईएको उल्टो घर । उल्टो घर हेर्न पूर्वका विभिन्न ठाउँबाट आउने गरेका छन् । बाहिरी र भित्रीका सबै संरचना सबै उल्टो घर करिब ६० लाखको लागतमा तयार गरिएको हो ।

# बालबालिकामा कुपोषण बढ्यो

**दमक/** नेपालका बालबालिका हरूको कुपोषण बढेको पाईएको छ । सरकारले सञ्चालन गरेको 'राष्ट्रिय पोषण लेखाजोखा अभियान'को प्रारम्भिक प्रतिवेदनले यस्तो अवस्था देखाएको हो ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा विभाग, पोषण शाखाका प्रमुख लिलाविक्रम थापाका अनुसार यस पटक चार प्रतिशत बालबालिकामा कडा शीघ्र कुपोषण भेटिएको छ, जबकि यसअघि यो दर एक प्रतिशतमात्रै थियो । थापाका अनुसार यस पटक देशभर अभियान सञ्चालन गरिएकाले पहिलेभन्दा बढी संख्यामा कुपोषित बालबालिका पहिचान भएका हुन् ।

विशेषगरी कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेशमा कडा शीघ्र कुपोषण बढी देखिएको छ । यस्तो कुपोषण भएका बालबालिका अत्यन्त दुब्ला, ख्याउटे र करङ देखिने अवस्थाका हुने गर्छन् । कडा शीघ्र कुपोषण भएका बालबालिकालाई 'तयारी उपचारात्मक खाना' उपलब्ध गराइने र त्यसबाट सुधार नभएमा देशभर रहेका २५ वटा पुनः स्थापना केन्द्रमा आमा र बच्चालाई राखेर नियमित उपचार तथा पोषणयुक्त खाना खुवाइने व्यवस्था गरिएको शाखा प्रमुख थापाले जानकारी दिए ।

त्यसैगरी, १२ प्रतिशत बालबालिकामा मध्यम शीघ्र कुपोषण देखिएको छ । मध्यम कुपोषण भएका बालबालिका उमेरअनुसार तौल नहुने, दुब्लाउने तथा लुरे हुने गर्छन् ।

# पाँचथरका आठ स्थानीय तहमा ७ करोड ४२ लाख बेरुजु

**पाँचथर/** महालेखा परीक्षकको प्रतिवेदनले पाँचथरका आठ स्थानीय तहमा ७ करोड ४२ लाख ६२ हजार रुपैयाँ बेरुजु देखाएको छ । महालेखा परीक्षकको ६३ औँ वार्षिक प्रतिवेदन अनुसार गत आर्थिक वर्ष २०७१/८२ मा परीक्षण गरिएको रकममध्ये झन्डै साढे सात करोड रुपैयाँ बेरुजु देखिएको हो ।

प्रतिवेदन अनुसार प्रतिशतका आधारमा सबैभन्दा बढी बेरुजु याङवरक गाउँपालिकामा देखिएको छ । यस पालिकाको २६ करोड ५० लाख ९० हजार रुपैयाँको लेखा परीक्षण गरिएकामा १ करोड ७४ लाख ५१ हजार रुपैयाँ बेरुजु देखिएको हो । जिल्लामा सबैभन्दा कम बेरुजु फाल्गुनन्द गाउँपालिकामा देखिएको छ । यहाँको १ अर्ब २९ करोड ४२ लाख ३० हजार रुपैयाँ लेखा परीक्षण गर्दा ५३ लाख ७२ हजार रुपैयाँ बेरुजु देखिएको छ ।

फालेलुङ गाउँपालिकाको ९९ करोड ६९ लाख रुपैयाँ लेखा परीक्षण गर्दा १ करोड १८ लाख ९१ हजार रुपैयाँ बेरुजु देखिएको छ भने तुम्बेवा गाउँपालिकामा ८८ करोड ५७ लाख ९० हजार रुपैयाँ परीक्षण हुँदा ८१ लाख ९ हजार रुपैयाँ बेरुजु देखिएको छ । हिलिहाङ गाउँपालिकाको ८६ करोड ७४ लाख रुपैयाँ परीक्षण गर्दा ७३ लाख ८५ हजार रुपैयाँ बेरुजु देखिएको छ । यस्तै मिक्लाजुङ गाउँपालिकामा १ अर्ब २२ करोड ३४ लाख ८५ हजार रुपैयाँ लेखा परीक्षण गर्दा १ करोड ८ लाख ८१ हजार रुपैयाँ बेरुजु देखिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

कुम्मायक गाउँपालिकाको ८६ करोड ९२ लाख ९० हजार रुपैयाँ परीक्षण गर्दा ५८ लाख ८१ हजार रुपैयाँ बेरुजु देखिएको छ ।

फिदिम नगरपालिकामा १ अर्ब ९५ करोड ६० लाख ४२ हजार रुपैयाँ लेखा परीक्षण गर्दा २ करोड १६ लाख ८२ हजार रुपैयाँ बेरुजु देखिएको छ । गत वर्ष याङवरक गाउँपालिका देशभरमा कम बेरुजु हुने स्थानीय तहमा परेको थियो । यस वर्ष त्यहाँको बेरुजु रकम बढेको छ । यस्तै फालेलुङ, फाल्गुनन्द र हिलिहाङले भने विगत वर्षको तुलनामा बेरुजु रकम घटाउँदै लगेको पाइएको छ ।

*कन्काईमा......* आर्थिक सहयोगमा निर्माण गरिएको पुल करिब ७ करोड ४१ लाख रुपैयाँको लागतमा सम्पन्न भएको हो। निर्माण कम्पनी पशुपति हरि हरि कन्स्ट्रक्सन प्रालिका अनुसार पुलको लम्बाइ ६४० मिटर रहेको छ, जुन यस क्षेत्रकै महत्वपूर्ण पूर्वाधारका रूपमा हेरिएको छ । पुल सञ्चालनमा आएपछि चन्डाँगी, लालपानी, ट्याक्रा तथा माईपारिका बासिन्दालाई दैनिक आवतजावतमा ठूलो सहजता भएको स्थानीयवासीले बताएका छन्। यसअघि कनकाई नदीले नगरका केही वडालाई भौगोलिक रूपमा छुट्याएका कारण स्थानीयले आफ्नै वडा पुग्नसमेत लामो दूरी पार गर्नुपर्ने बाध्यता थियो। विशेष गरी वडा नं. ७ र वडा नं. १० का बासिन्दाले पूर्व-पश्चिम राजमार्गस्थित कनकाई पुल प्रयोग गर्दै करिब सात किलोमिटर उत्तरतर्फ घुमेर यात्रा गर्नुपर्ने अवस्था रहेको थियो।

फोलुङ्गे पुल सञ्चालनमा आएपछि केही मिनेटमै स्थानीय आफ्नो गन्तव्यमा पुग्न सक्ने भएका छन्। विद्यार्थी, किसान, ज्येष्ठ नागरिक तथा दैनिक मजदुरी गर्ने नागरिकलाई यसको प्रत्यक्ष लाभ पुगेको छ। वर्षायाममा नदी बढ्दा आवतजावतमा हुने जोखिमसमेत अब कम भएको स्थानीयको भनाइ छ । हाल पुलबाट दुई पाङ्ग्रे सवारी साधनलाई समेत आवतजावतमा सहज भएको छ । कनकाई नदी माथिको यो पुलले स्थानीय आर्थिक गतिविधि, व्यापार तथा सामाजिक सम्बन्ध विस्तारमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । बजार क्षेत्र, नगरपालिका कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक केन्द्रसम्मको पहुँच सहज बनेसँगै माईपारिका बासिन्दाको जीवनशैलीमा समेत परिवर्तन आउने विश्वास गरिएको छ । शिवसताक्षी नगरपालिकाले यो पुल केवल भौतिक संरचना मात्र नभई नगरको समग्र विकास, सामाजिक एकता र नागरिक सहजताको महत्वपूर्ण आधार बनेको जनाएको छ ।

*ब्राउन......* यसैगरी, जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले इनरुवा बसपार्क क्षेत्रबाट मोरङको सुन्दरहरैंचा नगरपालिका-१० का २६ वर्षीय रमेश उरावलाई ६ ग्राम २३ मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको जनाएको छ ।

## अन्तराष्ट्रिय

# ईरान युद्धमा साढे ४ खर्ब खर्च

**एजेन्सी/** इरानविरुद्ध सञ्चालित 'अपरेसन एपिक फ्युरी' मा अमेरिकाले ठूलो हवाई क्षति बेहोरेको छ । अमेरिकी कङ्ग्रेसको रिपोर्टअनुसार यस युद्धमा अमेरिकी सेनाका ४२ वटा एयरक्राफ्ट र ड्रोन ध्वस्त वा गम्भीर रूपमा क्षतिग्रस्त भएका छन् ।

अमेरिकी रक्षा मन्त्रालयले यसअघि नै युद्धमा कुल साढे ४ खर्ब खर्च भइसकेको जनाएको छ।नष्ट भएका विमानहरूमध्ये ६ वटा फाइटर र अट्याक जेट रहेका छन् । जसमा एक एफ-३५, चार एफ/१५ई स्ट्राइक इगल र एक ए-१० थन्डरबोल्ट-२ समावेश छन् । अप्रिलको सुरुवातमै इरानले अमेरिकाको एउटा एफ-१५ई जेट खसालेको थियो । सबैभन्दा बढी क्षति ड्रोनतर्फ भएको छ । कुल २५ वटा ड्रोन ध्वस्त भएका छन्, जसमा २४ वटा एमक्यु-९ रिपर र एउटा एमक्यु-४सी ट्राइटन छन् । यसबाहेक अन्य ११ वटा विमान पनि पूर्ण रूपमा नष्ट वा क्षतिग्रस्त भएका छन् ।

न्युयोर्क टाइम्सको रिपोर्टअनुसार अमेरिका र इजरायलले इरानको परमाणु र क्षेप्यास्त्र क्षमता कमजोर बनाउन मात्र युद्ध गरेका थिएनन्, उनीहरूको योजना सत्तापलट गर्ने पनि थियो । नयाँ नेताका रूपमा इरानका पूर्वराष्ट्रपति महमुद अहमदिनेजादलाई अघि सार्ने योजना थियो । युद्धको पहिलो दिन इजरायलले तेहरानस्थित अहमदिनेजादको घरनजिकै आक्रमण गरेको थियो । यसको उद्देश्य उनलाई नजरबन्दबाट मुक्त गर्नु थियो, तर उनी बचेका थिए । त्यसपछि इजरायल र अमेरिका सत्तापलटको योजनाबाट पछि हटेका हुन् । इरानी सेना र सर्वोच्च नेतासँगको बिग्रँदो सम्बन्धका कारण अहमदिनेजाद कैयौं वर्षदेखि नजरबन्दमा छन् ।

# दमकमा प्रदेशस्तरीय योग शिक्षक प्रशिक्षण

**दमक/** दमकमा कोशी प्रदेश स्तरीय सह योग शिक्षक प्रशिक्षण तालिम आयोजना गरिएको छ । महिला पतञ्जली योग समिति नेपालको आयोजना तथा दमक ६ स्थित पशुपति मन्दिरको सभाहलमा बुधबारबाट योग तालिम सञ्चालन भएको हो । कोशी प्रदेश स्तरीय सात दिवसीय उक्त तालिमको दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले उद्घाटन गरेका थिए ।

स्थानीय सरकार आफना सबै नागरिकको स्वास्थ्य सुरक्षामा जोड दिदै आएको भन्दै नगर प्रमुख थापाले पछिल्लो समय खानपान र आहार विहारका कारण मानिसमा विभिन्न समस्या आउने गरेको र त्यसबाट मुक्ति पाउने उपाय भनेकै योग भएकाले निकट भविष्य मै दमकलाई योगनगरी घोषणा गर्ने लागिएको उल्लेख गरे ।

"गरौं योग, रहौं निरोग" भन्ने नाराका साथ शुरू भएको तालिममा दैनिक विहान ५ बजेदेखि ७ बजेसम्म निःशुल्क बृहत योग विज्ञान शिविर सञ्चालन हुने र त्यसपछि बेलुका ५ बजेसम्म सह योग शिक्षक प्रशिक्षण तालिम सञ्चालन हुने छ । तालिममा महिला पतञ्जली योग समितिका केन्द्रीय प्रभारी पुज्य साध्वी देवा दितीले सहजीकरण गरिरहेकी छन् । तालिममा दुई सय जनाभन्दा बढीको सहभागीता रहेको महिला पतञ्जली योग समिति झापाकी अध्यक्ष प्रेमकला निरौलाले बताईन् ।

# लडेर मजदुरको मृत्यु

**झापा/** झापाको मेचीनगर नगरपालिका-५ शान्ति टोलस्थित खानेपानी ट्याङ्कीमा काम गर्ने क्रममा एक मजदुरको लडेर मृत्यु भएको छ । बिहिवार दिउँसो करिब १२:३० बजे सोही स्थानका ५२ वर्षीय दिननाथ पराजुली ट्याङ्कीको सेटरिङका लागि प्रयोग गरिएको बाँस खोल्ने क्रममा तीन तला माथिबाट अचानक लडेर गम्भीर घाइते भएका थिए । घाइते पराजुलीलाई तत्काल उपचारका लागि बिर्तामोडस्थित बी एनडसी अस्पताल पुऱ्याइएकोमा चिकित्सकले अस्पताल पुग्नासाथ मृत घोषणा गरेका थिए । घटनापछि इलाका प्रहरी कार्यालय अनारमनीबाट प्रहरी अधिकृतसहितको टोली खटिएको थियो ।


## वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैङ्किङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पूर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं ।
- स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## खेलकुद

# दमकका प्रकाशलाई उपाधी

**दमक/** जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा सम्पन्न खुला राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको उपाधि झापास्थित दमकका प्रकाशचन्द्र नेपालले जितेका छन् ।

नेपाल खेलकुद प्रतिष्ठान खोटाङ र नेपाल सितोरियो कराते संघ खोटाङले संयुक्त रुपमा आयोजना गरेको 'तेस्रो बृहत् खोटाङ-हलेसी खेलकुद, साहित्यिक तथा पर्यटन महोत्सव-२०८३ को अवसरमा बुधबार सम्पन्न प्रतियोगितामा नेपालले भारतको सिक्किम निवासी राहुल गुरुङलाई हराउँदै उपाधि जितेका हुन् । दिक्तेलस्थित जिल्ला समन्वय समितिको सभाहलमा आयोजना गरिएको प्रतियोगितामा सिक्किमकै थेण्डुप तामाङ तेस्रो भएको निर्णयक मण्डलले जानकारी दिएको छ । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने खेलाडीले क्रमश: नगद रु २५ हजार, रु १५ हजार र रु दश हजारको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको आयोजक नेपाल खेलकुद प्रतिष्ठना खोटाङका अध्यक्ष सञ्जयकुमार राईले जानकारी दिए ।

# वर्षासँगै बढ्यो श्रीलंका टप्पुमा त्रास

**इटहरी/** मनसुन सक्रिय भएसँगै सप्तकोशीको श्रीलंका टप्पुका बासिन्दामा त्रास बढेको छ । हरेक वर्ष नदी कटानका कारण साँघुरिँदै गएको यस क्षेत्रका बासिन्दालाई हरेक वर्षायाममा यहि चिन्ताले सताउने गरेको छ ।

सप्तकोशी नदीले बर्सेनि धार परिवर्तन गर्दा नदी उकास क्षेत्र श्रीलंका टप्पु खुम्चिँदै गएको छ । प्रत्येक वर्ष बसोबास भूभाग बाढी र कटानमा पर्दै जाँदा टप्पु क्षेत्र खुम्चिँदै गएको हो । दशकौंदेखि बसोबास क्षेत्र रहेको टप्पुमा नदीले बर्सेनि कटान गर्दा बस्ती क्षेत्र पनि नदीसँगै बग्दै गएका छन् ।

नदीले कटान गर्दा टप्पुको गरैयाटोल क्षेत्रबाट गत वर्ष पनि घर सार्नु परेको स्थानीय बालक चन्द्रवंशीले बताए । उनका अनुसार पछिल्ला केही वर्षदेखि कोशीको कटान टप्पुतिरै बढेको छ । सात दशकअघि श्रीलङ्काटप्पु अहिलेको भन्दा झन्डै दोब्बर ठूलो रहेको स्थानीय बताउँछन् । टप्पु क्षेत्रमा सात दशकदेखि मानवीय बसोबास रहेको र कृषिका लागि उर्वर भूमि रहेकाले यहाँका मानिस कृषिकर्ममा रमाउँदै आएको वराहक्षेत्र-९, राजाबासका लालबहादुर लिम्बूको भनाइ छ ।

नदी कटानले हरेक वर्ष जमिन काट्दै लैजाँदा दशकौंदेखि टप्पुलाई आफ्नो थातथलो बनाएर बसोबास गर्दै आएका टप्पुवासीले आफ्नो भविष्यसमेत बगिरहेको महसुस गरेका छन् । आफ्नो माटोसँगको मोह र जीविकोपार्जनको आधार यही भएकाले टप्पु क्षेत्र छोड्न नसकेको स्थानीय बद्री राईको धारणा छ । वर्षायामभरि कोशीले मच्चाउने वितण्डाबाट त्रसित टप्पुवासीलाई हिउँदमा भने जङ्गली जनावरको पनि पीडा छ ।

टप्पुमा बाढीको त्राससँगै हिउँदमा जङ्गली हात्ती र वन्यजन्तुको आतङ्क पनि टप्पुवासीको अर्को समस्या बनेको छ । आरक्ष क्षेत्रबाट निस्कने जनावरले बाली नष्ट गर्ने र जनधनमा क्षति पुऱ्याउने गरेका छन् । वराहक्षेत्र नगरपालिकाको वडा नम्बर ६, ९ बेलकाको २ र ३ वडा टप्पुमा पर्छ । राहक्षेत्र नगरपालिका(६ का वडाध्यक्ष उद्धव पोखेलका अनुसार १४ किलोमिटर लम्बाइ र पाँच किलोमिटर चौडाइको क्षेत्रफलमा फैलिएको टप्पुमा पाँच हजारभन्दा बढीको बसोबास छ । यस वर्ष बढी कटान हुने ठाउँमा प्रोक्रोपाइल र जाली(ढुङ्गा लगाउने काम भएको छ ।

*चिनी....* जहाँ सस्तोमा चिनी सँगै घरका लागि आवश्यक खाद्यान्न सामग्री किनेर नेपाल फर्किरहेका छन् । २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनबाट नेपालमा बालेन्द्र शाह (बालेन) प्रधानमन्त्री भएपछि नेपाल-भारतको सीमान्त क्षेत्रमा कडाइ गरिएको छ । जसको कारण ९० प्रतिशत नेपाली किनमेलका लागि जोगबनी जान छाडेका छन् ।

१० प्रतिशत नेपाली सस्तो चिनी सँगै खाद्यान्न सामग्री खरिद गर्न जोगबनी पुगिरहेका छन् । भारत सरकारले पहिलो चरणमा चिनीमा प्रतिबन्ध लगाएको भारत सरकारले दोस्रो चरणमा खाने तेलमा प्रतिबन्ध लगाउने गरेको तयारीका कारण नेपाली किनमेलका लागि जोगबनी जाने अवस्थाको अन्त्य हुन लागेको हो ।


Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्


# फरार प्रतिवादी पक्राउ

**झापा/** ज्यान मार्ने उद्योग र हातहतियार खरखजना मुद्दाका एक फरार प्रतिवादीलाई संखुवासभा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा चैनपुर नगरपालिका वडा नं. १० हातिसुँडे बस्ने ४३ वर्षीय अर्जुन कुमार जिमी रहेका छन् ।

जिल्ला अदालत संखुवासभाले २०८२ साल चैत ४ गते गरेको फैसलाअनुसार जिमीलाई ज्यान मार्ने उद्योग तथा हातहतियार खरखजना मुद्दामा १ वर्ष ३ महिना कैद र १० हजार रुपैयाँ जरिवाना ठहर गरेको थियो । अदालतको फैसलापछि फरार रहँदै आएका उनलाई इलाका प्रहरी कार्यालय चैनपुरबाट खटिएको प्रहरी टोलीले बिहीबार उनकै घरबाट पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय संखुवासभाका सूचना अधिकारी प्रहरी निरीक्षक धन बहादुर राजवंशीका अनुसार पक्राउ परेका जिमीलाई फैसला कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।

*कोशी.....* सम्मेलन आयोजना गरिने, प्राविधिक शिक्षातर्फ "पढ्दै कमाउँदै कार्यक्रम" र सीमान्तकृत छोरीहरूका लागि सक्षम छोरी कार्यक्रमलाई निरन्तरता दिइएको छ । आर्थिक सुशासन कायम गर्न सरकारले स-साना तथा खुद्रे आयोजनामा बजेट छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति लिएको छ। बहुवर्षीय स्रोत सुनिश्चितताका आधारमा मात्र रूपान्तरणकारी आयोजना अघि बढाइने नीति तथा कार्यक्रमले लक्ष्य लिएको छ ।






प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५८०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल